**Nepalese Culture**
**Vol. XIII : 29-42, 2019**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**

# काठमाडौं उपत्यकाका ऐतिहासिक राजकुलो

**डा. सन्ध्या खनाल पराजुली**

## लेखसार

*मानव जीवनमा अपरिहार्य तत्वको रूपमा रहेको पानीको सहज आपूर्तिका निम्ति प्राचीन सभ्यता नदी किनारमा बसेका थिए । तर बेला बेलामा नदीमा आउने प्राकृतिक प्रकोपका कारण सुरक्षित बासस्थानमा बसी पानीको सहज आपूर्ति गर्नु चुनौती थियो, जसको परिपूर्तिका निम्ति मानिसले आफ्नै बासस्थानमा कुलो मार्फत पानी  ल्याउने काम गरे । काठमाडौं उपत्यकामा विभिन्न कालखण्डका शासकहरूद्वारा यहाँका जनतालाई खानेपानी, सिचाइँ, मत्स्यपालन आदिका निम्ति कुलोको निर्माण गरे, जुन राजकुलोको नामले प्रसिद्ध भयो । किराँतकालमै कुलो निर्माणको इतिहास शुरु भई लिच्छविकालमा तिलमक नामले विस्तार हुँदै मध्यकाल र पछिल्लाकालमा समेत राजकुलो निर्माण भइरहे । मध्यकालमा राजकुलोको निर्माणका साथै तिनको मर्मत सो कुलोको प्रयोगकर्ता स्वयं जनताले नै गर्नुपर्ने तथा नगरेमा आर्थिक दण्ड तिर्नु पर्ने व्यवस्थाका कारण लामो कालखण्डसम्म राजकुलोहरू सुरक्षित रहन सफल भए ।*

*काठमाडौं उपत्यकामा निर्माण भएका राजकुलोहरू मध्ये प्राचीनकालमै टिका भैरवद्वारा लेलेदेखि चापागाउँसम्म निर्माण गरिएको विश्वास गरिने राजकुलो, कीर्तिपुरका पूर्वमध्यकालीन राजा शिवदेवले निर्माण गरेका, राजा प्रताप मल्लले शिवपुरीबाट हनुमानढोका दरबारसम्म ल्याएका, राजा सिद्धिनरसिंह मल्लद्वारा चापागाउँदेखि लगनखेलसम्म विस्तार गरेका तथा भक्तपुरमा राजा जितामित्र मल्लले महादेव पोखरीदेखि भक्तपुर दरबारसम्म निर्माण गरेका राजकुलोहरू प्रमुख हुन् । यी बाहेक अभिलेख तथा वंशावलीमा उल्लेख भएका कयौं राजकुलोहरू मध्ये हाल ललितपुरको लेलेदेखि लगनखेलसम्म विस्तारीत प्राचीन राजकुलो बाहेक अन्य सबै हराइसकेका छन् । ललितपुरको उक्त राजकुलो पनि पहिलेको तुलनामा अत्यन्त साघुँरिन गई जीर्ण हुनुका साथै खुमलटारमा अलपत्र अवस्थामा रहेको छ । प्राचीनकालमा जस्तै वर्तमान समयमा पानीको सुरक्षाका निम्ति राज्यद्वारा छुट्टै खटाइएका कर्मचारीको अभाव हुनु, निति निर्माणको कमी हुनु, सम्बन्धित गुठीले बेलैमा राजकुलोको संरक्षण नर्गनु, व्याँजा नकेगु, सिठि नखः जस्ता परम्परागत पर्वमा पानीका स्रोत मर्मत, जीर्णोद्वार गर्ने परम्परा हराउँदै जानु, उपत्यकामा जथाभावी सडक विस्तार हुनु तथा खेतीयोग्य जमीन मासि अव्यवस्थित संरचना निर्माण गर्नु राजकुलो एवं कुलो बिनाशका कारण हुन् । उपत्यकामा हाल सुचारू अवस्थामा रहेका जति पनि राजकुलो तथा कुलो छन्, ती इतिहासका महत्वपूर्ण सम्पदा एवं पानीका दह्रिला स्रोत हुन्, जसको*

*संरक्षण कडा नितिसहित बेलैमा हुनु पर्दछ । ललितपुरमा रहेको राजकुलोको जीर्णोद्धार गरी खुमलटार देखि ललिपुरको भित्री शहरसम्म जोड्न सकिएमा उक्त राजकुलोसँग सम्बन्धित पाटनका कयौं एतिहासिक पोखरी एवं ढुङ्गेधाराहरू पुनः सुचारु हुन सम्भव छ । यसको बेलैमा जीर्णोद्वार गरी ऐतिहासिक धरोहर सुरक्षित राख्न अत्यन्त जरुरी देखिन्छ ।*

**शब्द कुञ्जिका :** *तिलमक, ढलपा, मुद्रा, व्याँजा नकेगु, गोसहस्र, हेमहस्तिरथ, पंचलाङ्गस ।*

## परिचय

विश्वमा मानव सभ्यताको विकास नदीका किनारमै भएको हो । नेपालको प्राग-ऐतिहासिक एव ऐतिहासिक सभ्यताको अध्ययन गर्ने हो भने ती जल स्रोतकै नजिक स्थापना भएका पाइन्छन् । पानीको सहज आपूर्तिका निम्ति मानिसले नदी किनारमा बसोबास गरे तापनि बेला बखतमा नदी नालामा आउने बाढी जस्ता प्राकृतिक प्रकोपको भय तिनमा सदा थियो भने दैनिक नदीनालासम्म धाउनुपर्ने बाध्यता पनि त्यति सजह थिएन । अर्कोतर्फ नदीनालाका पानी सिधै पिउन योग्य नहुने हुँदा त्यसको विकल्प खोज्नु थियो । त्यसैले यी तथ्यहरूलाई मध्यनजर गर्दै नदीनालाबाट पर सुरक्षित बासस्थानमा शुद्ध पिउने पानीको आपूर्ति गर्नु अनिवार्य रह्यो । यसैको परिपूर्तिका निम्ति टाढा रहेका नदी, मुहान वा पोखरीबाट बासस्थानमै पानी ल्याउने प्रविधिको विकास मानव सभ्यताको विकाससँगै भएको पाइन्छ । सुमेरियनहरूले नदीको पानीको वहावलाई नियन्त्रण गरी आवश्यक क्षेत्रमा पानी पुर्याउने प्रविधिको विकास सभ्यताको शुरुवाततताका नै गरेका थिए । निरन्तर शुद्ध पानी प्रवाह भइरहने स्नानागार निर्माण प्राविधिको विकास सिन्धुघाटी सभ्यतामै भइसकेको कुरा मोहेञ्जोदाडोको उत्खनन्मा पाइएको स्नानागारले पुष्टि गर्दछ (Wheeler, 1998,p. 42-43)। काठमाडौं उपत्यकामा पनि प्राचीनकालमै शुद्ध पानीको परिपूर्तिका निम्ति कुलो निर्माण गर्ने परम्पराको विकाश भइसकेको थियो । यहाँका शासकहरूले खानेपानी, सिचाइँ, मत्स्यपालन आदिका निम्ति राजकुलोको निर्माणमा विशेष जोड दिएको पाइन्छ । प्राचीनकाल, मध्यकाल हुँदै पछिल्लाकालसम्म पनि उपत्यकामा कयौं राजकुलोहरू निर्माण हुनुका साथै तिनको संरक्षण हुँदै आएको कुरा अभिलेख तथा वंशावलीहरूले पुष्टी गर्दछन् । तर वर्तमान समयमा यी ऐतिहासिक धरोहरहरू मासिदै गइ लोप हुने अवस्थामा पुगेका छन् ।

काठमाडौं उपत्यकामा राजकुलो निर्माणको थालनी, यिनको निर्माण गरिनुको मूल उद्येश्य, राजकुलो निर्माणपश्चात् तिनका संरक्षणका निम्ति के कस्ता निति अवलम्बन गरिएका थिए साथै पछिल्लाकालमा अधिकाशं राजकुलो विनाश हुदैं जानुका कारण के हुन् आदि समस्याहरू वर्तमान समयमा राजकुलोमा देखिएका छन् । यसरी ऐतिहासिक सम्पदाका सम्बन्धमा देखिएका समस्याहरूको पहिचान गरी तिनको खोजी गर्ने प्रयास यस लेखमा गरिएको छ । यसका निम्ति राजकुलोसँग सम्बन्धित पूर्व प्रकाशित सन्दर्भ ग्रन्थको अध्ययन, स्थलगत सर्वेक्षण तथा तिनका बारेमा जानकारहरूसँग अर्न्तवार्ता लिई वर्तमान अवस्थाको विश्लेषण तथा तिनको संरक्षणको उपायको खोजी गर्ने प्रयास यस लेखमा गरिएको छ ।

## राजकुलो निर्माणको थालनी

नदी नाला, प्राकृतिक मुहान वा पोखरीबाट गहिरो पारी खनेर निर्माण गरिएको मार्ग वा माटोद्वारा निर्मित ठूल्ठूला डुँडहरू एक आपसमा जोडेर निश्चित क्षेत्रमा पुचाइएका पानीको स्रोतलाई कुलो भनिन्छ । प्राचीन कालदेखि नै खानेपानी, सिचाइँ, मत्स्यपालन तथा पशुपालनका निम्ति कुलोको निर्माण गरी पानीको सहज आपूर्ति गर्नका निम्ति उपत्यकाका शासकहरू निकै सक्रिय रहेको देखिन्छ । राजाद्वारा ठूलो धनराशी र श्रम खर्च गरी निर्माण गराइने हुँदा यस्ता कुलोलाई राजकुलो भनियो । यसो त काठमाडौं उपत्यकामा सिचाइँका सहायक थुप्रै नदी नालाहरू रहेका छन् । वाग्मती, विष्णुमती, मनोहरा यहाँका प्रमुख नदी हुन् । काठमाडौं उपत्यकाको उत्तरी भेगबाट निश्रृत यी नदीहरू उपत्यकाकै दक्षिणी भेगको चन्द्रागिरीको छेडो काटेर बाहिरिनु अघि काठमाडौं, ललिपुर तथा भक्तपुरबाट बग्ने नागमती, स्यालमती, हनुमन्ते, लेले, नख्खु, लुभु, बल्खु, चाखण्डे, गोदावरी, रत्नावली, चारूमती (भाजंगा), धोबिखोला, इक्षुमती, मनमती आदी नदी तथा सानातिना खोल्साखोल्सी बटुल्दै जान्छन् (प्रधान, २०५५, पृ. १०७ -१०९) । यी नदी नालाको उपत्यकाको कृषिका साथै सामाजिक, धार्मिक जीवनसँग अत्यन्त घनिष्टता रहेको छ । नेपालका प्रथम शासक गोपालवंशीहरू नदी वरपरै बसोबास गरेको अनुमान गोपालवंशीकी बहुद्दी नामक गाईले वाग्मती किनारमा अवस्थित थुम्कोमा गई नित्य दूध चढाउने क्रमबाट गर्न सकिन्छ । गोपाल, महिषपालपछि नेपालमा शासन गर्ने किराँतहरू उत्तरपूर्वी हिमालयबाट इ.पू. १० औं शताब्दीतिर नेपाल प्रवेश गरेको केही विद्वानहरूको भनाई छ (Joshi, 1998,p. 58) । किराँतीहरूले काठमाडौं उपत्यकाको उच्च स्थानमा बस्ती बिस्तार गरी आफ्ना बस्तीको नाममा 'प्रिङ्ग' शब्द जोडेका थिए, जस्तैः खोप्रिङ्ग, फलपिङ्ग, माखोप्रिङ्ग, लोप्रिङ्ग, मुप्रिङ्ग, जोलप्रिङ्ग आीद (Tiwari, 2002, p.  56) । उपत्यका वरिपरिका डाँडा नै नदीनालाका उद्‌गम स्रोत भएका हुँदा यहाँका बासिन्दालाई पानीको अभाव भने पक्कै थिएन । तर पानी प्राकृतिक गुणले नै भिरालोतर्फ बग्ने हुँदा किराँतीहरूलाई आफ्ना उच्च बस्तीबाट दैनिक नदी नालासम्म धाउन भने मुस्किलै भएको अनुमान गर्न सकिन्छ । सम्भवत यसै वाध्यतालाई निराकरण गर्न किराँतहरूले आफ्ना बस्तीभन्दा माथि अवस्थित प्राकृतिक मुहानबाट आफूद्वारा निर्मित पोखरीमा पानी पुनर्भरण भइरहने प्रविधिको विकास गरे (Tiwari, 2012,p. 156)। प्राचीन किराँती बस्ती पोखरीमै निर्भर थियो भन्ने कुरा किराँतकालमा विकसित महादेव पोखरी (नगरकोट), दहचोक (थानकोटमाथि), पोखरी भञ्याङ (गुन्डुमाथि), पोखरी थुम्को (फर्पिङ्गमाथि) आदि बस्तीमा रहेका पोखरीहरूबाट बुझिन्छ (Tiwari, 2002,p. 130-131) । किराँतहरूलाई पोखरी निर्माण गर्ने प्राविधिक ज्ञानको साथै पानीको चुहावट रोक्न पोखरीको पिँध तथा छेउछाउमा अपनाइने विधिबारे जानकारी रहेको देखिन्छ (Tiwari, 2012,p. 161), जसले गर्दा उनीहरू पोखरीमा निर्भर थिए । पोखरीमा मुहान साथै बर्सात्‌को पानी कुलोमार्फत सङ्कलन गरिन्थ्यो । किराँतकालमै शुरुवात भई पछि विस्तारित हुन गएका यस्ता कुलोलाई नै लिच्छविकालमा तिलमक भनिएको पाइन्छ । लिच्छविकालमा आकाशे खेतीमा भर नपरी खेतीबारी बढाउन प्रसस्त तिलमक निर्माण गरिएका छन् (वज्राचार्य, २०३०, पृ.४१०) । कुलो मार्फत पानी पोखरी, भूमिगत जलाधारमा सङ्कलन गरी आन्तरिक रूपमा माटाका डुँडको सहायताले बस्ती बस्तीमा पानी पुचाई ढुङ्गेधारा निर्माण गर्ने प्रविधिको विकास पनि किराँतकालमै भइसकेको थियो । किराँतपछि भारतको समथल भूभाग वैशालीबाट नेपाल आई शासन गर्ने लिच्छविहरू नहर वा कुलो निर्माणमा पोख्त थिए । लिच्छविहरूले किराँतकालीन पोखरी निर्माण प्रविधि तथा आफूले जानेको कुलो निर्माण प्रविधिको संमिश्रण गरे ।

उपत्यकाका डाँडाका फेदीमा रहेका मुहान, नदीनालाबाट कुलो मार्फत यहाँका बस्तीका जलभण्डारमा सदा पानी पुर्नभरण भइरहने प्रविधिको प्रचुर मात्रामा विकास गर्न लिच्छविहरूको ठूलो योगदान रहेको पाइन्छ ।

## राजकुलोको व्यापकता र बिस्तार

लिच्छविकालमा यहाँका शासकहरूले कयौं राजकुलो निर्माण गरे । राजा वसन्तदेवको सं ४२८ (सन्. ५०६) थानकोटको अभिलेखमा पानीय मार्गको उल्लेख गरिएको छ। उक्त पानीय मार्गले कुलोलाई सम्बोधन गरेको बुझिन्छ (वज्राचार्य, २०३०, पृ. ९२) । लिच्छविकालीन अभिलेखहरूमा कयौं पटक तिलमक शब्दको प्रयोग भएका पाइन्छ । टोखाको शिवदेव अंशुबर्माको अभिलेखमा जग्गाको चार किल्ला खुलाउने क्रममा धेरै पटक तिलमक शब्दको प्रयोग गरिएको छ । तिलमक किराँती परिवारको जनभाषाको शब्द हो । लिच्छविकालीन अभिलेखहरूमा कुल्या, कुलो वा पानीय मार्ग आदि शब्दको प्रयोग नगरी तिलमक प्रयोग गर्नुले उक्त शब्द किराँतकालमा नै प्रचलित भइसकेको बुझिन्छ । शिवदेव, अंशुबर्माको टोखाको अभिलेखमा चिशिमंण्डा, मेकण्डीदुल तिलमकहरूको वर्णन पाइन्छ, जुन किराँत परिवारकै भाषाका शब्दावली रहेको धनवज्र वज्राचार्यको भनाई छ । यस्ता तिमलक खेती तथा खानेपानीको बन्दोबस्तका निम्ति निर्माण गरिएका थिए (वज्राचार्य, २०३०,पृ. २६८-२७०) । राजा शिवदेवको सं १२१ (सन्. ६९७) को ललितपुर सुनागुठी भृङ्गारेश्वरको अभिलेखमा उनले उक्त क्षेत्रको तिलमक हेरचाहको अभिभारा भृङ्गारेश्वरका पाञ्चालीलाई सुम्पिएका थिए (जोशी, २०३०,पृ. ५३७) । यसबाट भृङ्गारेश्वर क्षेत्रमा प्राचीनकालमै कुलो पानीको राम्रो व्यवस्था रहेको पुष्टि हुन्छ । बनेपामा प्राप्त राजा शिवदेव अंशुबर्माको सं. ५१५ को अभिलेखमा सो क्षेत्रका केही ग्रामहरूलाई कोट्ट (किल्ला) को दर्जामा राखी कर माफी गर्ने क्रममा तिनको चार किल्ला छुट्याउँदा तेखुंदुल्स्रोतस्त वा तेखुंदुल्को धार तथा पानीय मार्ग अर्थात् कुलोको चर्चा गरिएको छ (वज्राचार्य, २०३०, पृ. २४१) । पाटन *मोंमदु* (छिन्नमस्ता) गल्लीबाट महापाल जाने बाटोमा अवस्थित माछा चित्र अङ्कित सं ४८ (सन् ६२४) को अभिलेखमा जिष्णुगुप्तले राजा अंशुबर्माले बनाएको राजकुलो जीर्ण हुँदा तत्कालीन थम्बूगागूंल्मवाटिकाका बासिन्दालाई उक्त राजकुलोको जीर्णोद्वारको अभिभारा सुम्पिएका थिए (जोशी, २०३०,पृ. ३६९-३७०), जुन राजकुलो मध्यकालमा *लुं खुशी* अर्थात् सुन खोलाको नामले प्रसिद्ध थियो (Tiwari, 2012: p. 157) । यसबाट ललितपुर क्षेत्रमा प्राचीनकालमै राजकुलो रही सोको जीर्णोद्वार भएको बुझिन्छ । लिच्छविकालीन प्रमुख चार अधिकरण : कुथेर, शूल्ली, लिङ्ग्वल, माप्चोकमध्ये कुलो, धारा, पानीसँग सम्बन्धित र्काय लिङ्ग्वल अधिकरणले हेर्ने गर्दथ्यो । लगनखेल मीननाथ मन्दिर अगाडि रहेको सं १४८ (सन् ७२६) को अभिलेखमा छुट्टा छुट्टै सिमानामा रहेका पाञ्चालीकहरू बीच राजकुलोको पानीको बाँटफाँट सम्बन्धमा झगडा उठेमा राजाको भित्री इजलासबाट तिनको छिनोफानो गर्ने आदेश दिइएको छ (जोशी, २०३०,पृ. ५६६) । यसरी लिच्छविकालमा राजकुलो निर्माणका साथै क्षेत्रफल वा आवश्यकता हेरी तिनको बाँटफाँटको उचित व्यवस्था मिलाइएको देखिन्छ । तत्कालीन समयमा राजाका साथै सामन्तहरूले समेत कुलो निर्माणमा जोड दिएका थिए, जसको उदाहरण ध्रुवदेव, जिष्णुगुप्तको अनुमति लिई महासामन्त जीवदेवले राजकुलो बनाई मर्मतका लागि आयस्ताको बन्दोबस्त गरेबाट बुझिन्छ (वज्राचार्य, २०३०,पृ. ४१०) । राजा नरेन्द्रदेवले पशुपति क्षेत्रमा ढुङ्गेधारा निर्माण गर्न गोकर्ण, चाबहिल (गुलमतङ्ग ग्राम) हुँदै राजकुलो ल्याएका थिए (Tiwari, 2001,p. 99)। सो ढुङ्गेधारा तथा राजकुलो जीर्णोद्वारका निम्ति उनले आर्य भिक्षु संघलाई अग्रहार भूमि सुम्पिन त्यसको सीमा

तोक्दा मेकण्डीदुल नामक तिलमकको वर्णन परेको छ (वज्राचार्य, २०३०,पृ. ५०२), जुन पाशुपत क्षेत्रका अन्य ढुङ्गेधाराका पनि स्रोत थियो ।

पूर्वमध्यकालमा कुलो पानीको व्यवस्था अझ सम्वृद्ध हुँदै गयो । कीर्तिपुरका बासिन्दा पहिले बल्खु खोलामा निर्भर थिए । ने.सं. २१९ (सन्. १०९८) मा राजा शिवदेवले कीर्तिपुरमा बलवलदेवीको तपस्या गरी बल्खु खोलामा बाँध बाधी कुलो निर्माण गरेको कुरा गोपालराज वंशावलीमा छ (Bajracharya, Malla, 1985, p.80)। तत्कालीन समयमा कीर्तिपुरको मध्य समथर भूभाग र डाडाँको माथिल्लो भिरालो क्षेत्रमा मात्र बस्ती रही अन्य क्षेत्र जङ्गलले भरिएको थियो । राजा शिवदेवले सो क्षेत्रमा बस्ती बिस्तार गरी जनतालाई आर्थिक रुपमा सबल बनाउन चन्द्रागिरी पहाडको फेदीबाट बग्ने खोलाको पानीलाई रानीबारीमा बाँध बाँधी ठूलो राजकुलो ल्याई कीर्तिपुरका विभिन्न स्थानमा पानीको आपूर्ति गराएका थिए । सो राजकुलोबाट कीर्तिपुरका कयौं पोखरीहरू पुर्नभरण हुनुका साथै कुवा, इनार, ढुङ्गेधारा तथा जलद्रोणी प्रवाहित थिए (श्रेष्ठ, २०५७, पृ. ६) । चन्द्रगिरीदेखि कीर्तिपुरसम्म आइपुग्दा कीर्तिपुर शहरको दक्षिणी भेगमा अवस्थित सबै कृषि योग्य जमिन राजकुलोबाट सिञ्चित हुनुका साथै कयौं पोखरीहरू पुर्नभरण हुने व्यवस्था गरी तिनमा हाँस पाल्ने, जीव जन्तु आहाल बस्ने, कमलका फूल रोपी चाडपर्वमा देवीदेवतालाई चढाउने व्यवस्था राजाले गरेका थिए । पोखरीबाट बढी भएको पानी पुनः कीर्तिपुर नगरको फेदैफेद कुलो मार्फत हालको ट्याङ्ला तथा विश्वविद्यालयका फाँटहरू सिञ्चित हुन्थे (श्रेष्ठ, २०५७, पृ. ७) । कीर्तिपुर नगर बल्खु तथा बागमती नदीको सतहदेखि निकै उच्च स्थानमा रहेको छ । पानी प्राकृतिक गुणले नै भिरालो तर्फ बग्दछ । बल्खु खोलाको सतह कीर्तिपुर नगर भन्दा निकै तल पर्ने हुँदा गोपालराज वंशावलीमा उल्लेख भए बमोजिम राजा शिवदेवले बल्खु खोलामा बाँध बाँधी कीर्तिपुरमा राजकुलोको व्यवस्था गरे भन्ने कुरा सम्भव देखिदैन । बरू चन्द्रागिरीबाट बाँध बाँधी कीर्तिपुरमा राजकुलो ल्याउन सम्भव रहेको कुरा कीर्तिपुरको भौगोलिक बनावट तथा केही दशक अघिसम्म रहेको राजकुलोको अवशेषका आधारमा शुक्रसागर श्रेष्ठले उल्लेख गरेका छन्, जुन यर्थाथ लाग्दछ । कालन्तरमा उक्त राजकुलो जीर्ण हुँदा सन्. १८०८ मा भीमसेन थापाले ऐतिहासिक ढल भनी उल्लेख गर्दै सोको जीर्णोद्वार गरी हेरचाहका निम्ति सात जना ढलपा नियुक्त गर्नुका साथै सो क्षेत्रका पोखरीहरूको पनि जीर्णोद्वार गरेका थिए (नेपाली, २०३५, पृ. १५६) । ढलपा वास्तवमा ढल वा कुलोको रेखदेख तथा पानीको सुव्यवस्थाका निम्ति राज्यद्वारा खटाइएका पाले हुन् । राजकुलोको हेरचाहका निम्ति ढलपा नियुक्त गरिएकै कारण कीर्तिपुर नगरको एक बस्तीको नाम ढलपा रहन गएको छ । उक्त राजकुलो जीर्ण हुँदा वि.सं. २०१६ सालमा राजा महेन्द्रले पनि जीर्णोद्वार गराएका थिए (शर्मा, २०१७, पृ. १२५) । कीर्तिपुर शहरमा अवस्थित लभं, भिं, दूध, माभिं, नयाँ बजार लगायतका अन्य पोखरीहरू केही दशक अधिसम्म सोही राजकुलोसित सम्बन्धित रही एक पोखरीबाट अर्कोमा पानी पुर्नभरण भइरहने व्यवस्था थियो (Thapa and others, 2009, p.6)। वि.सं. २०२३/२४ सम्म पूर्ण रूपमा संचालनमा रही सो राजकुलो कीर्तिपुरको कृषिको प्रमुख आधार थियो तर पछिल्लो समयमा उक्त नगरमा गरिएको सडक विस्तार कार्य तथा बढ्दो सहरीकरणका कारण ऐतिहासिक राजकुलो मासिन पुग्यो । यस बाहेक कीर्तिपुर नगरको दक्षिणी भेगमा अफलडोल, सितजल, इखाडोल, दूधपोखरी कुलो तथा उत्तरी भागमा ख्यल कुलो रहेका छन् , जुन कृषिका लागि हाल पनि सहायक रहदैं आएका छन् ।

काठमाडौं, भक्तपुरबाट हाल लोप भइसकेका तथा ललितपुरमा हालसम्म अस्तित्वमा रहेको राजकुलो मध्ये केहीको निर्माण लिच्छविकालमै भइसकेको देखिन्छ। ललितपुर क्षेत्रमा विध्यमान दुई राजकुलो मध्ये हालसम्म सुचारु रहेको प्रथम राजकुलाको निर्माण टिका भैरवद्वारा गरिएको रोचक किंवदन्ती पाइन्छ। प्राचीनकालमा लेले

निवासी टिका भैरवले सुन्दर युवकको भेष धारण गरी चापागाँउ निवासी बाला देसरकी कन्या बालकुमारीको अपहरण गरे । नजिकैको चम्पी गाउँमा बसोबास गर्ने नगरकोटीले थाहा पाई बाला देसरलाई बताए । दुबै मिली युवकलाई पछ्याउँदै गई आफ्नी कन्या फिर्ता गर्न आग्रह गरे । युवक रुपी टिका भैरवले देसरले चाहेको जे पनि दिने, तर कन्या फिर्ता नदिने जवाफ दिएपछि अन्योलमा परेका उनले यी साक्षात भैरव हुन् भन्ने जानी उक्त समयमा चापागाँउमा भएको पानीको अभाव महसुस गर्दै भैरवसँग पानी ल्याइदिने सर्त राखे । टिका भैरवले बाला देसरको अनुरोध सहजै स्वीकार गर्दै आफूलाई चाहिएको स्थानसम्म कोदालो घिसार्दै गएमा सो मार्गमार्फत आफूले पानी ल्याइदिने वाचा गरे । बाला देसरले लेलेबाट चापागाउँसम्म कोदालो घिसार्दै आए, कोदालोको डाम रहेको मार्ग (कुलो) मा टिका भैरवले पानी ल्याइदिए भन्ने किंवदन्ती पाइन्छ । हाल पनि चम्पीका नगरकोटी तथा चापागाउँका देसरहरूले ट्याङ् द्यः (भैरव) जात्रामा पानीको सहज आपूर्ति गराइदिने टीका भैरवलाई समयवजी र थों (जाँड) चढाई विशेष पूजा गर्ने प्रचलन रहेको छ । किंवदन्ती प्रख्यात रहे तापनि सो राजकुलोको निर्माण लिच्छविकालीन राजा जयदेव द्वितीयको पालामा गरिएको मानिन्छ (Joshi, 1993,p. 3-4) । तर सो राजकुलोको निर्माण हुनु अगावै उक्त क्षेत्रमा राजकुलो रहेको कुरा माथि उल्लिखित शिवदेवको सं.१२१ (सन्. ६९७) को भृङ्गारेश्वर क्षेत्रमा अवस्थित तिलमकको वर्णनबाट पुष्टि हुन्छ । यसरी प्राचीनकालमै टीका भैरवले निर्माण गरेको मानिने राजकुलो पाटनका राजा सिद्धिनरसिंह मल्ल्ले ने.सं. ७६७ (सन् १६४७) मा पाटन सहरमा पानीको सुव्यवस्थाका निम्ति हालको लगनखेलसम्म ल्याएका थिए (Joshi, 1993,p. 5) । कालन्तरमा उक्त राजकुलो जीर्ण हुन जाँदा वि.सं. २०१६ मा जीर्णोद्वार गरिएको थियो (शर्मा, २०१७, पृ. १९५) । हिन्दु संस्कृतिमा दानको अत्यन्त महिमा छ । बाँचुन्जेल मानिसले गरेका दानको फल मृत्युपश्चात् अर्को लोकमा प्राप्त गर्दछन् भन्ने मान्यता छ । दानमा जुन सुकै बस्तु पनि दिन सकिन्छ । ती मध्ये गोदान, भूमिदान, सुवर्णदान, षोडषमहादान (सोह्र प्रकारका वस्तुहरूको दान :तुलापुरुष, हिरण्यगर्भ, ब्रम्हाण्ड, कल्पवृक्ष, गोसह्रस्र, कामधेनु, हिरण्याश्व, हिरण्याश्वरथ, हेमहस्तिरथ, पञ्चलाङ्गस, धरादान, विश्वचक्र, कल्पलता, सप्तसागर, रत्नधेनु, महामूलवट) प्रमुख मानिन्छन् (जोशी, २०३०,पृ. ६२५-६२६) । यी मध्ये सप्तसागर/जलदानलाई पुण्यको दृष्टिकोणले सबैभन्दा उत्तम मानिएको छ । त्यसैले पुण्य आर्जन गर्नका निम्ति तलाउ, ढुङ्गेधारा, जलद्रोणी जस्ता पानीका स्रोत निर्माण गरी दान गरिएका कयौं उदाहरण प्रमाण पाइन्छन् । यस्तै फल प्राप्तीका हेतु मध्यकालमा ललितपुर रूद्रवर्ण महाविहार (उकु बहा) का शाक्य भिक्षु धर्म सिहंले ने.सं. ६६७ (सन् १५४६) मा कुलोमार्फत् पानी ल्याई सुवर्ण प्रणाली (सुन्धारा) तथा पोखरी बनाई दान गरेको थिए (ढुङ्गेल र प्रधानाङ्ग, २०५६, पृ. ३६) । ने.सं. ७३१ (सन्. १६१०) पाटन च्यासल टोलको अभिलेखमा च्यासल *हिटी*को लिगम पोखरीमा धोनखेलबाट पानीको निकास खोलिएको तथा उक्त कार्यमा सो टोलका चौधजनाले श्री वुङ्ग संक्रान्ति गुठीमार्फत् कुलो बनाएको उल्लेख छ (वज्राचार्य, २०५६, पृ. ४६) । यसरी ललितपुर क्षेत्रमा माथि उल्लिखित राजकुलो, कुलो बाहेक ने.सं. ७९५ (सन्. १६७४) को मध्यकालीन ताडपत्रमा अर्को राजकुलो पाटन क्षेत्रमा सिचाइँको निम्ति निर्माण गरिएको प्रसङ्गको उल्लेख पाइन्छ (ढुङ्गेल, प्रधानाङ्ग, २०५६, पृ. ३८) ।

मध्यकालमा पाटन अन्तर्गत पर्ने फर्पिङ्ग क्षेत्रमा पनि राजकुलो रहेको पाइन्छ । उक्त राजकुलोको पानीको बाँटफाँटको व्यवस्था राजा सिद्धिनरसिंह मल्लका पुत्र श्रीनिवास मल्लले ने.सं. ७९७ (सन्. १६७६) मा गरी सो राजकुलोबाट सञ्चालित ढुङ्गेधाराहरू मध्ये निश्चित धारालाई मात्र पानी दिनु भनी आदेश गर्नुका साथै उक्त राजकुलोको मर्मत गरेका थिए (वज्राचार्य, २०५६, पृ. १९६) । त्यस्तै ने.सं. ७९७ (सन्. १६७६) को श्रीनिवास

मल्लका मन्त्री भगीरथ भैयाले पनि उक्त राजकुलोको मर्मत पानी प्रयोगकर्ताहरू स्वयं मिलेर गर्नुपर्ने आदेश जारी गरेका थिए (वज्राचार्य, २०५६, पृ. १९६) । यसबाट फर्पिङ्ग क्षेत्रमा मध्यकालमा पानीको राम्रो व्यवस्था रहेको बुझिन्छ । ने.सं. ८०१ (सन्. १६८०) को भगीरथ भैयाको चोभारमा अवस्थित अभिलेखबाट चोभारमा अवस्थित राजकुलो बारेमा जानकारी मिल्दछ । उक्त अभिलेखमा चोभारका भगवान आदिनाथको नित्य स्नान गराउनका निम्ति गुठी राखिएको थसिगाव नामक खेतमा सिचाइँ गर्न राजकुलो निर्माण गरी भगीरथ भैयाले सोको थिति बाँध्दै उक्त राजकुलो तथा राजकुलोसँगै घाट रहेको स्थानबाट कालिमाटी झिक्न किसानहरूलाई बन्देज गरेका थिए (Regmi, 1965, p.517) । पछिल्लो कालसम्म सञ्चालित चोभारको उक्त राजकुलोको जीर्णोद्वार वि.सं. २०१६ सालमा गरिएको थियो (शर्मा, २०१७, पृ. १२३), तर हाल त्यसको कतै अवशेष देख्न पाइदैन ।

ललितपुरमा पछिल्लो कालमा दोस्रो राजकुलो निर्माण भएको थियो । उक्त द्वितीय राजकुलोको निर्माण सन्. १९७५ मा नख्खु खोलाबाट पानी ल्याई प्याबुन (पागल बन) बाट सुरुवात गरिएको थियो । प्याबुनबाट *ढोंला हिटी*सम्म आइपुग्दा यो राजकुलो दुई हाँगामा विभाजन भई एक सिधै प्रथम राजकुलोसँग मिल्ने तथा अर्को नखिपोटको उत्तर पूर्वबाट त्यस क्षेत्रमा अवस्थित घट्टहरू संचालन गर्दै दोस्रो राजकुलोमै जोडिन्थ्यो । ती राजकुलो नाल्दु, लेले, चापागाउँ, थेंचो, सुनाकोठी, *ढोंला हिटी,* रिङ्गरोड हुँदै लगनखेलसम्म आइपुग्दा सो क्षेत्रका कयौं पोखरीहरू पुनर्भरण हुन्थे (Theophile and Joshi, 1992,p. 18) । हालको लगनखेल क्षेत्रमा तत्कालीन समयमा ठूल्ठूला सातवटा पोखरीहरू थिए, जसको प्रमुख स्रोत सोही राजकुला थिए । सातवटा पोखरी रहेकै कारण उक्त क्षेत्र पहिले सप्तपाताल पोखरी नामले प्रसिद्ध थियो । लगनखेलसम्म ल्याइएका ती राजकुला प्या (प्रयाग), पाटन दरबारमा अवस्थित भण्डारखाल, पूर्णचण्डी, कमल, ल, पिम्बा लगायत पाटन शहरमा अवस्थित अधिकांश पोखरीहरूका मूल स्रोत थिए । सो बाहेक ललितपुरका यी दुई राजकुलो ललितपुर क्षेत्रका क्वावेही, नारिच्य तथा नायाख्यो मुहान (भूमीगत जलाधार) का प्रमुख स्रोत थिए, जसबाट ललितपुर क्षेत्रका अधिकाशं ढुङ्गेधाराहरू संचालित थिए । यी राजकुलोहरूको प्रमुख थलो चापागाउँमा सन्. १९८१ को ठूलो बाढीले बगाई ध्वस्त पारेपछि धेरै वर्षपश्चात् ढोंलाहिटीका स्थानीय बासिन्दाले पुनः निर्माण गरेका थिए (Joshi, 1993,p. 5) । मेरी स्लसरले नेपाल मण्डल नामक आफ्नो पुस्तकमा चापागाउँमा अवस्थित सो राजकुलोको चर्चा गरेकी छिन् (Slusser, 1998, p.176) ।

पाटन दुपाट टोलको ने.सं. ९९४ (सन्. १८७३) को जङ्गबहादुरको पालाको अभिलेखमा पाटन हरिसिद्धिबाट इमाडोलतर्फ ल्याइएको राजकुलो (खोनाढल) बारेमा उल्लेख छ, जसमा कुँदिएका कतिपय व्यहोरा भक्तपुरका राजा जितामित्र मल्लकालीन अभिलेखसँग हुबहु मिल्दछ तथा उक्त अभिलेखमा सो राजकुलोको पानी रोपाइँ कार्यका निम्ति प्रयोग गर्नु तथा कसैले विवाद गरेमा राजदण्ड स्वरुप छ रूपैया तिराउनु भन्ने आदेश छ । त्यस्तै पाटन कुसुन्तीबाट लगनखेल जाने बाटोलाई स्थानीय बुढापाकाहरू हाल पनि ढलसिं भन्दछन् । यस आधारमा सो क्षेत्रमा पहिले ढल वा कुलो रहेको संकेत गर्दछ । सन्. २००९ मा ललितपुरको ऐतिहासिक राजकुलो प्रथम पुर्ननिर्माण गरी प्राचीन पोखरी, ढुङ्गेधारा जस्ता ऐतिहासिक सम्पदा पुनः सुचारू गर्ने उद्येश्यले ललितपुर उ.म.न.पा., वातावरण तथा सम्पदा संरक्षण नेपालले भारतीय दुतावासको सहयोगमा लेलेदेखि थेंचोसम्म जीर्णोद्वार गरेको थियो (Bisht, 2011, p.6), तर अर्थको अभावमा त्यसपछिको कार्यले निरन्तरता पाउन सकेन । वर्तमान समयमा प्राचीन राजकुलो लेले, टिका भैरव, सजन फाँट, प्याङ्ग गाउँ, बुलु पाउली,

चापागाउँ, भ्र्यालपाते, थेंचो तथा सुनाकोठीसम्म सुचारू अवस्थामा रहेको छ । लगनखेल-लेले मूल सडकको ठाउँ ठाउँमा राजकुलो पर्दछन्, जसलाई ढलानले छोपी राजकुलो माथि नै सडक निर्माण गरिएको छ । कतिपय स्थानमा राजकुलोसँगै जोडेर भवन निर्माण गरिएको छ भने केही स्थानमा राजकुलो भत्किएर मर्मतको पर्खाइमा छ । सुनाकोठीसम्म जसोतसो बगेको राजकुलो खुमलटारमा आइपुग्दा फाँटमा अलपत्र अवस्थामा रहेको छ । लेले, चापागाउँ, थेंचो, सुनाकोठी क्षेत्रका कृषकहरूको खेतीको प्रमुख आधार हाल पनि सोही राजकुलो रहेको छ । खेती लगाउने समयसम्म पनि राजकुलोमा पर्याप्त मात्रामा पानी नआएमा चापागाउँ, थेंचो, सुनाकोठी क्षेत्रका बासिन्दा समुहगत रूपमा लेलेसम्म गई त्यहाँका बासिन्दालाई राजकुलोमा पानी दिन अनुरोध गर्न जाने परम्परा हालसम्म पनि रहेको कुरा सो क्षेत्रका स्थानीयहरू बताउँछन् । उपत्यकामा चक्रपथको निर्माण गर्ने क्रममा सो राजकुलोको लगनखेलसँगको सम्पर्क टुट्न गयो । उक्त राजकुलो ललितपुरसम्म पुर्ननिर्माण गर्न सकिए पाटनका पोखरी, मुहान लगायत कयौं ढुङ्गेधाराहरू संचालन हुन सक्नेछन् । त्यस्तै पाटन शहरका करिब ४०,००० मानिस उक्त पानीबाट लाभान्वित हुन सक्ने कुरा प्रयाग राज जोशीको भनाईलाई उद्धृत गर्दै विष्ट बताउँछन (Bisht, 2011, p.7) ।

भक्तपुर नगरमा पनि प्राचीनकालमै राजकुलोको निर्माण भइसकेको संकेत मिल्दछ । लिच्छविकालमा भक्तपुरमा तुलारानी नामक रानीले उक्त क्षेत्रमा राजकुलाको निर्माण गरेको किंवदन्ती पाइन्छ । राजा नरेन्द्रदेवले भक्तपुरमा सं.१४४ (सन्. ७२०) मा *वाच्व हिटी* (हाल च्यामसिंह र ब्रह्मायणी मन्दिरको बीचमा अवस्थित) निर्माण गरेका थिए (श्रेष्ठ, २०७०,पृ. ४०) । यी राजासँग तुलारानीको नाम जोडिएका प्रसङ्गहरूको निकै चर्चा पाइन्छ । राजा नरेन्द्रदेवले तुलारानीले निर्माण गरेको राजकुलोको पानी प्रवाह गरी रानीका निम्ति ढुङ्गेधारा निर्माण गर्नुका साथै उक्त धारामा रानीलाई स्नान गरेपश्चात् मुख हेर्न ऐना राखेको किंवदन्ती पाइन्छ । ऐना स्वरूपको प्रस्तर कला हाल पनि *हिटी* परिसरमा देख्न सकिन्छ । यसरी लिच्छविकालमा भक्तपुरमा राजकुलो निर्माण भइसेको किंवदन्ती रहे तापनि मध्यकालमा यहाँ थुप्रै राजकुलोहरू निर्माण तथा जीर्णोद्वार गरिएका प्रमाणहरू पाइन्छन् । ने.सं. ५०० (सन् १३७९) मा राजा जयस्थिति मल्लको पालामा भक्तपुर युथिनिमम् राजदरबार इलाकामा आउने राजकुलो बिग्रिएर पानी आउन बन्द भएकाले उक्त पानीको मुहान तथा राजकुलोको मर्मत गरेको वर्णन गोपालराज वंशावलीमा छ (Vajracharya and Malla, 1985,p. 114) । सोही साल *यटपाट*को ठूलो राजकुलो बनाएको र उक्त राजकुलोको निर्माण गर्दा प्रजाले श्रमदान गरी पन्ध्र दिनमै निर्माण कार्य सकेको हुँदा राजा अत्यन्त खुशी भई जनतालाई भव्य उत्सवका साथ भोज खुवाएको चर्चा वंशावलीमा छ । *यटपाट* राजकुलोको चर्चा गर्ने क्रममा *म्यालंखा* नामक अर्को राजकुलोको पनि चर्चा पाइन्छ जसबाट *यटपाट* राजकुलोको निर्माण हुनु अगावै भक्तपुरमा *म्यालंखा* नामक राजकुलो रहेको प्रमाण मिल्दछ । ने.सं. ५०१ (सन् १३८०) मा राजा जयस्थिति मल्लले सो *म्यालंखा* राजकुलोको बन्दोबस्त गर्न सो पानी प्रयोग गर्ने जनताबाट एकमुष्ठ १२०० पाथी धान उठाई पुनः दस्तुर तिर्न नपर्ने गरेका थिए (Vajracharya and Malla, 1985,p. 116) । यसबाट तत्कालीन समयमा राजकुलो जीर्णोद्वार गर्न कोष खडा गरिएको देखिन्छ । उत्तरमध्यकालमा भक्तपुरमा राजकुलो अझ विस्तारित भए । राजा जितामित्र मल्लले भक्तपुर सहरदेखि पूर्व नगरकोट महादेव पोखरीबाट पाकेको माटोको डुँड तथा इँटद्वारा बनाइएको राजकुलो मार्फत् तल्लोघट्ट, तेलकोट, खरीपाटी, दगुगा हुँदै भक्तपुर सहरभित्र पानी ल्याएका थिए । सोही राजकुलोको पानीले तलेजुको नैमित्यिक पूजा गर्नका निमित्त उनले ने.सं. ७९८ (सन्. १६७७) मा भक्तपुर राजदरबारमा थन्थुदरबार *हिटी* (सुन्धारा) निर्माण गरे (पौडेल,

२०२२,पृ. ४४-४८) । राजकुलो बिग्रिएर सुन्धारामा पानी नआएमा मुहानमै पुगेर चोखो पानी ल्याई देवीको पूजा गर्नुपर्ने नियम थियो । राजकुलो बिग्रिएमा देवीको नित्य पूजाआजामा नै समस्या आउने हुँदा खेतीपातीको काम खाँचै राखेर भएपनि अहोरात्र चलाउन विशेष अधिकारीहरू खटाई ढलपाहरूलाई सचेत गराउने गरिन्थ्यो । ने.सं. ८०३ (सन्. १६८२) मा राजा जितामित्र मल्लले सो राजकुलोको जीर्णोद्वार गर्न जनताहरू पालै पालो जानु पर्ने नियम बाँधी श्रमदान गर्ने व्यक्तिलाई मुद्रा (काम गरेको निस्सा वा निसानी स्वरूप माटोबाट निर्मित चिन्ह) लगाई दिने परम्परा बसालेका थिए । यदि कुनै व्यक्ति राजकुलो बनाउन नगएमा तीन द्रम्म दण्ड स्वरूप लिने, पानी लाउँदा भेदभाव गर्न नपाइने तथा ढलपाले पानीको बाँटफाँटमा कचिङ्गल उठाए छ रूपैया राजदण्ड तिनुपर्ने आदेश उनले जारी गरेका थिए (पौडेल, २०२२, पृ. ४८) । ने.सं. ८०८ (सन्. १६८७) मा उनले उक्त राजकुलाको संरक्षणका लागि १० रोपनी खेत गुठी राखेका थिए । जितामित्र मल्ल पछि सो राजकुलोको जीर्णोद्वार सन्. १७०३ मा भूपतिन्द्र मल्लले त्यसपश्चात् भीमसेन थापा, धीरशमशेर, धनशम्शेर, जुद्धशम्शेर आदिले गरेका थिए । सन्. १८५५ मा धीरशमशेरको पालामा सो राजकुलोको जीर्णोद्वार गर्ने क्रममा उनीसँग निकट सम्बन्ध भएका भक्तपुर तौमढी टोल पुबा छें निवासी हर्ष नारायण धौबडेलले धीरशमशेरलाई रिझाई पच्पन्न झ्याले दरबार अगाडिबाट राजकुलो आफ्नो निवासतर्फ ल्याई आफ्नै निवासको चोकमा ढुङ्गेधारा बनाएका थिए, जुन हाल पनि यथावत देख्न सकिन्छ । भक्तपुर क्षेत्र अर्न्तगत रहेका च्यामसिंह, लमुगा, सलाँ गणेश, नासमना, भेलुखेल आदि स्थानका पोखरी लगायत अन्य कयौं पोखरीहरू सोही राजकुलोबाट पुर्नभरण हुनुका साथै कयौं ढुङ्गेधाराहरू यसैबाट संचालित थिए । पछिल्लो कालमा राजकुलो मासिँदा तीसँग सम्बन्धित पानीका स्रोतहरू सुक्नुका साथै पोखरीहरू समेत साँधुरिदै गएका छन् । सो राजकुलोको हाल भक्तपुरमा कुनै अवशेष देख्न सकिदैन । चाँगुनारायण नगरपालिका अन्तर्गत पर्ने पुरानो सुडाल गोथली फाँट हुँदै ल्याइएको राजकुलो (माटोका डुँड) पुरिएर रहेको कुरा सो क्षेत्रका स्थानीयहरू बताउँछन् । उक्त स्थानमा हाल इटा भट्टा रहेको छ । भट्टा सञ्चालकहरूले सो क्षेत्रको माटो खन्ने कार्य नगरी अन्यत्रबाट ल्याइएको माटोले इट बनाउँदै आएका छन् । सोही स्थानमा प्राचीन ढुङ्गेधारा र इनार रहेको स्थानीयहरूको दाबी छ । यसरी  संरक्षणको अभाव, अव्यवस्थित शहरीकरण तथा सडक बिस्तार गर्ने क्रममा ऐतिहासिक राजकुलो मासिन पुगेको छ । मल्लकालमा धुलिखेलमा पनि राजकुलो रही सो राजकुलो उक्त क्षेत्रमा सिचाइँका निम्ति निर्माण गरिएको वर्णन रेग्मीले गरेका छन् (Regmi, 1965, p. 519) । त्यस्तै पनौतीमा अवस्थित गैह्रीधारा नजिकबाट बग्ने राजकुलोको चर्चा मेरी स्लसरले आफ्नो पुस्तकमा गरेको पाइन्छ (Slusser, 1998, p. 176) ।

काठमाडौं शिवपुरीको फेदीदेखि राजा प्रताप मल्लले राजकुलोको निर्माण गरी काठमाडौं सहरमा सिचाइँ तथा खानेपानीको व्यवस्था गरेका थिए । प्रताप मल्लले निर्माण गर्न लगाएको उक्त राजकुलोको अवशेष ठाउँठाँउमा देखिएको कुरा रेग्मीले गरेका छन् (Regmi, 1965, p. 519) । भाषा वंशावलीमा राजा प्रताप मल्लले राजकुलो निर्माण गरी पानी ल्याउँन लाग्दा अत्यन्त कठिनाई आइपरे तापनि उनले राजकुलो ल्याएरै छाडेको वर्णन छ (लम्साल, २०२३, पृ. ८७) । प्रताप मल्लले रानीबारी हुँदै उक्त राजकुलो ल्याई लैनचोर पोखरी (हाल दुग्ध विकास संस्थानको पश्चिमा अवस्थित खुला मैदान), रानी पोखरी, टुँडिखेलको भूमिगत जलाधारमा पानी पुर्नभरण गर्दै हनुमानढोका राजदरबारमा अवस्थित मोहनकाली चोक, सुन्दरीचोकका सुन्धाराहरू तथा भण्डारखाल पोखरीको ढुङ्गेधारामा सोही राजकुलोको पानी प्रवाह हुने व्यवस्था गरेका थिए ।

उपयुक्त राजकुलो बाहेक उपत्यकामा ऐतिहासिक रूपमा कम चर्चामा रहेका थुप्रै राजकुलो तथा कुलोहरू छन् । उपत्यकाको पूर्व उत्तरमा पर्ने मणिचुँड डाँडाको फेदीमा अवस्थित साँखु बजारमा रहेको कुलो सो क्षेत्रका विभिन्न पोखरीको स्रोत हो । काठमाडौंको उत्तरपूर्वी क्षेत्र गोकर्ण भेगमा सिचाइँका निम्ति निर्माण गरिएको राजकुलो भत्किएर जीर्ण अवस्थामा पुग्दा वि.सं. २०१६ सालमा राजा महेन्द्रको पाला जीर्णोद्वार गरिएको थियो (शर्मा, २०१७, पृ. १२४) । उक्त राजकुलो हाल पनि यथावत रही सो क्षेत्रका फाँटहरूमा सिचाइँलाई सहयोग गर्दै अन्तिममा वाग्मती नदीमा मिसिने गर्दछ । गोकर्णबाट साँखु जाँदा बाटोमा पर्ने थली क्षेत्रमा रहेको राजकुलो राजा महेन्द्रकै पालामा जीर्णोद्वार गरिएको थियो, जसको आवशेष हाल केही स्थानमा देखिन्छ (शर्मा, २०१७, पृ.१४९) । उपत्यकामा कयौं घट्टहरू राजकुलो एवं कुलोबाट संचालित थिए । ह्यामिल्टनले उपत्यकाका ठाउँठाउँमा कुलोबाट पानी घट्ट चल्ने गरेको कुरा उल्लेख गरेका छन् (Hamilton, 1971,p. 221) । काठमाडौंको कपन भेगबाट ल्याइएको राजकुलो हाँडीगाउँका पोखरीहरू तथा धाराहरूका प्रमुख स्रोत थिए । उक्त राजकुलो हाँडीगाउँ सत्यनारायण मन्दिरको पूर्वी भेग हुँदै बग्ने गर्दथ्यो । हाल सहरीकरणका कारण राजकुलो थिचोमिचो भई आवासीय भवनहरूले भरिसके तापनि सो बग्ने क्षेत्र हुँदा हाँडीगाउँ धन गणेश मन्दिरको दक्षिणपूर्वबाट सत्यनारायण मन्दिर जाने बाटोको नाम राजकुलो मार्ग रहेको पाइन्छ । यसबाट प्राचीन राजकुलो अब केवल नाममा मात्र सिमित रहेको बिड्म्बना देख्न सकिन्छ । काठमाडौंको रूद्रमती अर्थात् धोबीखोलाबाट राजा चन्द्रशम्शेरले राजकुलो ल्याई सिंहदरबारमा पानीको सुव्यवस्था गरेका थिए ।  चन्द्रशम्शेरले सन्. १९०८ मा सिहंदरबारको निर्माण गरे । उनले सिफलको फेदी अर्थात् वर्तमान कालोपुल छेउबाट धोबीखोलाको पानीलाई राजकुलो मार्फत ज्ञानेश्वर, मैतीदेवी मन्दिर हुँदै हालको घट्टेकुलो, अनामनगर क्षेत्रबाट सिंहदरबार पुर्याएका थिए । सो राजकुलो ज्ञानेश्वर, मैतीदेवी भेगमा अवस्थित भगवान पशुपतिनाथका विविध गुठी अर्न्तगतका खेतहरूको सिचाइँको प्रमुख आधार थियो । उक्त राजकुलोबाट मैतीदेवीको दक्षिणी भेगमा कयौं घट्टहरू सञ्चालित थिए । घट्ट सञ्चालित क्षेत्र भएकै कारण सो क्षेत्रको नाम घट्टेकुलो रहन गएको पाइन्छ । यसरी सो राजकुलो हालको घट्टेकुलो, अनामनगर हुँदै सिंहदरबार भित्र पुचाई दरबारका पोखरी, फोहरा, पुतली बगैंचा, अन्य बगैंचाका साथै सिचाइँका निम्ति प्रयोग हुन्थ्यो ।

ललितपुर लुभु क्षेत्र अन्तर्गत पर्ने इमाडोल, न्हुकोट, सिद्धिपुर, सानागाउँमा कयौं राजकुलोहरू रही तिनको मर्मत वि.सं. २०१६ मा गरिएको प्रसङ्गको उल्लेख सोमनाथ शर्माले गरेका छन् (शर्मा, २०१७, पृ. १९५) । ती राजकुलोहरू हाल लोप भइसके तापनि केही कुलो जीर्ण अवस्थामा रही हिउँद याममा सुख्खा रही वर्सात्मा सुचारु देखिन्छन् । भक्तपुर खस्याङ् खुसुङ् खोलाबाट निकालिएको कुलो, गुण्डुबाट निस्किएको पाकुढम कुलो, गाम्चा कुलो हाल छन् भने सूर्यविनायक डाँडाको पूर्वी भागबाट निर्माण गरी भक्तपुर सल्लाघारीसम्म ल्याई सल्लाघारी मुनीको तपलिको पुलमा मिसिने गरेको काल्हाचा कुलो भने हाल मासिसकेको छ । त्यस्तै भक्तपुरको जगाती, भेलुखेल क्षेत्रमा केही दशक अघिसम्म राजकुलो रही सोबाट कयौं पानी घट्टहरू संचालित थिए । उक्त राजकुलो जगाती क्षेत्रको सिचाइँ तथा खानेपानीको स्रोत रही हनुमन्ते खोलामा मिसिने गर्दथ्यो, जुन हाल मासिसकेका छ ।

## प्राचीन राजकुलो एवं कुलो विनाशका कारण

प्राचीनकालमा राजकुलोको उचित व्यवस्थाका निम्ति राज्यद्वारा निति नियम लागु गर्नुका साथै बेला बेलामा तिनको मर्मत गरिन्थ्यो । मध्यकालमा राजकुलोको व्यवस्था तथा हेरचाहका निम्ति ढलपा खटाइन्थे । पानी

सम्बन्धी कचिङ्गल उठेमा ढलपाले सुल्झाउने र समाधान नभएमा ग्राम पाञ्चाली वा राजाको भित्री इजलासबाट छिनो फानो हुन्थ्यो । कडा नियमका कारण प्राचीन राजकुलोहरू संरक्षित थिए । राजकुलोको मर्मत प्रयोगकर्ता स्वयं मिलेर गर्नुपर्ने निति रहदा तिनको संरक्षण गर्नु आफ्नो कर्तव्य ठान्दथे भने श्रमदान गर्दा पाइने मुद्राको गौरव र नगएमा तिर्नुपर्ने राजदण्ड प्रति जनता सचेत थिए । यसरी राज्य प्रतिको कर्तव्य बोधका कारण ऐतिहासिक राजकुलोहरू लामो समयसम्म जीवित रहन सफल भए । *व्याजा नकेगु* पर्व मनाउने प्रचलनको शुरुवात मध्यकालमै भएको थियो । भ्यागुता वर्षा तथा सहकालको प्रतीक मानिन्छन्, जसले खेतबारी, पानीका स्रोतमा लाग्ने किरा र त्यहाँ जम्ने लेउ खाई पानीका मुहानलाई स्वच्छ राख्न सहयोग गर्दछन् । उक्त जीवको सम्मान गर्दै श्रावण पूर्णिमाका दिन पानीका स्रोत नजिकै भ्यागुतालाई क्वाँटी र भात चढाउने गरिएको कुरा ने.सं. ८१८ (सन्. १६९७) को भक्तपुर मालती चोकको अभिलेखबाट पुष्टि हुन्छ (पौडेल, २०१८, पृ.४) । त्यस्तै जेष्ठ शुक्ल षष्ठी तिथिका दिन सिठी नखः चाडको रूपमा परिचित छ । मध्यकालमा उक्त दिन राजकुलो, इनार, पोखरी, धारा जस्ता पानीका स्रोतहरूको सरसफाई तथा मर्मत गर्ने परम्परा थियो, सो कुरा ने.सं. ५७३ (सन्. १४५२) को भक्तपुर राजदरबारको अभिलेखमा उल्लेख छ (जोशी, २०६०, पृ. ५७) । नगरका सबै मानिसहरू मिलेर उक्त दिन आ-आफ्ना क्षेत्र अन्तर्गत रहेका पानीका मुहान सफा गर्ने, बिग्रिएका भत्किएका पानीको स्रोतहरूको जीर्णोद्वार गरी छ प्रकारका गेडागुडीबाट निर्मित बारा पकाई कुमारलाई अर्पण गरी प्रसाद ग्रहण गर्ने परम्परा रहेको थियो । हाल षष्ठी तिथिका दिन उपत्यकाका नेवार समुदायमा कुमारका साथै स्थानीय देवीदेवताको पूजा गर्ने प्रचलन रहे तापनि पानीका स्रोतको सरसफाई गर्ने परम्परा अत्यन्तै न्यून पाइन्छ । उपत्यकाका ग्रामीण भेगमा उक्त परम्परा केही हदसम्म पाइए तापनि सहरी क्षेत्रमा जलस्रोत सफा एवं मर्मत गर्ने तथा भ्यागुतालाई भात चढाउने परम्परा प्रायः लुप्त हुँदै गएको पाइन्छ ।

वि.सं. २०२१ सालमा गुठी संस्थानको स्थापना पश्चात् राज्यका धार्मिक तथा लौकिक गुठीहरू संस्थानको मातहतमा ल्याइँदा पहिले जस्तो सम्पदाहरूको संरक्षण संस्थानले बेलैमा गर्न सकेन । अन्य सम्पदा जस्तै उपत्यकाका राजकुलो प्रति पनि संस्थानको ध्यान जान सकेन । काठमाडौं उपत्यकामा वि.सं. २०२४/२५ साल ताका चक्रपथको निर्माण गरियो । उक्त समयमा उपत्यकाका तीनवटै नगरमा अवस्थित राजकुलोको सम्बन्ध सहरको भित्री भागसम्म यथावत रहने वास्तुसंरचना निर्माणमा चासो नराख्दा राजकुलोको सम्बन्ध पोखरी, भूमिगत जलभण्डारसँग टुट्न गयो, जसका कारण कयौं पोखरी, भूमीगत जलाधार सुक्नुका साथै अधिकाशं ढुङ्गेधाराहरू संकटकालीन अवस्थामा छन् । राजकुलो मासिदा उपत्यकाका कृषि योग्य जमिन वर्षामा भर पर्नुपर्ने अवस्थामा छन् भने सुकिसकेका राजकुलो, कुलोमाथि नै आवास निर्माण गर्ने प्रवृतीका कारण बढ्दो सहरीकरण भयावह बन्दै गइरहेको छ ।

## निष्कर्ष

पानीको सहज आपूर्ति गर्न टाढा रहेका जल स्रोतलाई कुलो निर्माण गरी आफ्नो निवासमा ल्याउने प्रविधिको विकास प्राचीनकाल मै भइसेकेको थियो । राजाद्वारा जनताका हितका निम्ति यस्ता कुलोको निर्माणमा जोड दिएको हुँदा तिनलाई राजकुलो भनियो । किराँतकालमा शुरू भई लिच्छविकालमा तिलमक नामले विस्तारित भएका राजकुलोले मध्यकालमा पनि निरन्तरता पाई पछिल्ला कालमा पनि तिनको निर्माण एवं संरक्षण भइरह्यो । मध्यकालमा राजाद्वारा निर्माण गरिएका राजकुलोको पानीको बाँटफाँट तथा रेखदेख ढलपाले

गरे तापनि मर्मत सम्भार गर्न जनताबाट एक मुष्ठ उठाई राखिएका कोषबाट हुने गर्दथ्यो । जीर्णोद्वार कार्यमा स्वयं जनता सहभागी हुनु पर्ने नत्र दण्ड तिर्नुपर्ने कारण जनताहरू राज्य तथा आफ्नो कर्तव्य प्रति उत्तरदायी थिए । उपत्यकाका काठमाडौं, ललितपुर, भक्तपुर, कीर्तिपुर, फर्पिङ्ग, चोभार, बनेपा आदि क्षेत्रमा रहेका प्रमुख राजकुलोहरू मध्ये हाल ललितपुरमा प्राचीन कालमा निर्माण भई, मध्यकालमा विस्तारित तथा पछिल्लो कालमा जीर्णोद्वार गरिएको राजकुलो मात्र अस्तित्वमा रहेको छ । उक्त राजकुलो उपत्यकाकै प्राचीन इतिहासको नमूना, टीका भैरवसँग लेले, चापागाउँ क्षेत्रका मानिसको वैवाहिक, धार्मिक एवं साँस्कृतिक सम्बन्ध जोडिएको अमूर्त सम्पदाको चिनारी साथै वर्तमान समयसम्म पनि कृषि उत्पादनको दरिलो स्रोतको रूपमा रहेको छ । यसको बेलैमा संरक्षण एवं जीर्णोद्वार गरिनु अत्यावश्यक छ । यसको उचित संरक्षण हुन सकेमा प्राचीन तथा एक मात्र ऐतिहासिक सम्पदा जीवित रहनुका साथै उपत्यकामा भएको पानीको संकटलाई न्यूनीकरण गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । उक्त राजकुलो खुमलटार, सातदोबाटो, चक्रपथ हुँदै आन्तरिक रूपमा डुँडद्वारा ललितपुर नगरसम्म परम्परागत ढाँचामै जडान गरी ल्याउन सकिएमा ललितपुरका राजकुलोसित सम्बन्धित पोखरी, भूमिगत जलाधारमा पानी पुर्नभरण हुनुका साथै सो क्षेत्रका कयौं ढुङ्गेधाराहरूमा पुनः पानी प्रवाहित गर्न संभव भई सौन्दर्यशाली सहर निर्माण गर्न सकिने देखिन्छ । यसरी उपत्यकाका अन्य क्षेत्रको राजकुलोको नामो निशान नरहेको अवस्थामा यथावत रहेको राजकुलोको संरक्षण एवं विस्तार यथाशिघ्र गर्न अत्यन्त जरूरी छ । उक्त राजकुलो जस्तै उपत्यकामा हाल सुचारू अवस्थामा रहेका कयौं कुलोहरू छन् जुन संकटकालीन अवस्थामा पुगेका छन् तिनको पनि बेलैमा यथोचित संरक्षण गर्न सकिएमा तीसित सम्बन्धित कतिपय जलस्रोत एवं कृषि योग्य जमिनमा सिचाइँ गरी उपत्यकामा बढ्दो जनसंख्याको पानीको हाहाकारलाई न्यूनीकरण गर्न तथा आर्थिक रूपमा नेपालको अर्थव्यवस्थालाई उकास्न टेवा पुग्ने देखिन्छ । यसरी ललितपुरको ऐतिहासिक राजकुलोको संरक्षणमा राज्यले बेलैमा ध्यान नदिने हो भने भएको एक मात्र अमूल्य धरोहर केही दशक पछि इतिहासको एउटा पाटो मात्र बन्ने निश्चित छ ।

## सन्दर्भ सामग्री


जोशी, हरिराम (वि.सं. २०३०). *नेपालको प्राचीन अभिलेख.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

--- (वि.सं. २०६०). *नेपालका चाडपर्व.* ललितपुर : जोशी रिसर्च इन्स्टिच्यूट ।

ढुंङ्गेल, रमेश र प्रधानाङ्ग, ऐश्वर्यलाल (वि.सं. २०५६). *काठमाडौं उपत्यकाको मध्यकालीन आर्थिक इतिहास.* कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

नेपाली, चित्तरञ्जन (वि.सं. २०३५). *जनरल भीमसेन थापा र तत्कालीन नेपाल* (तेस्रो संस्करण). काठमाडौं : रत्नपुस्तक भण्डार ।

पौडेल, नयनाथ र अरू (संपा.) (वि.सं. २०१८). *अभिलेख संग्रह.* चौथो भाग. काठमाडौं : संशोधन मण्डल ।

पौडेल, भोलानाथ (वि.सं. २०२२). भक्तपुरको राजकुलो. *पूर्णिमा.* पूर्णाङ्क ४, पृ. ४४-४९ ।

प्रधान, भुवनलाल (वि.सं. २०५५). *नेपालको इतिहास र संस्कृतिका केही पक्ष.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लम्साल, देवीप्रसाद (संपा.) (वि.सं. २०२३). *भाषा वंशावली.* द्वितीय भाग. काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय

वज्राचार्य, धनवज्र (वि.सं. २०३०). *लिच्छविकालका अभिलेख.* कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

--- (वि.सं. २०६८). *पूर्वमध्यकालका अभिलेख.* कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, सोमनाथ सिग्देल.(संपा.) (वि.सं. २०१७). *देव मन्दिर आदिको जीर्णोद्धार र पाटी, बाटो, घाट, पुलहरूको नव निर्माण परिष्कार प्रभृति धर्मकार्यको सचित्र विवरण.* काठमाडौँ : नेपाल एकेडमी ।

श्रेष्ठ, पुरुषोत्तमलोचन (वि.सं. २०७०). भ्कौखेलमा फेला परेका लिच्छविकालीन सम्पदा. *प्राचीन नेपाल,* सङ्ख्या १८४, पृ. ३१-४५ ।

श्रेष्ठ, शुक्रसागर (वि.सं. २०५७). *कीर्तिपुरको साँस्कृतिक र पुरातात्विक इतिहास.* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. कीर्तिपुर ।

Bisht, K. (2011). Renovating Kathmandu's Ancient Canals. Iss. 117. pp. 5-8.

Hamilton, F. B. (1971). *An account of kingdom of Nepal.* Delhi : Manjushree Publication.

Joshi, H. (1998). *Pages from the forgotten past*. Lalitpur : Joshi Research Center.

Joshi, P.R. (1993). *Feasibility of rajkulo, rehabilitation of Patan's traditional water supply network*. Vol. I. A Research report submitted to Conservation and Development Programme. Patan.

Regmi, D.R. (1965). *Medieval Nepal.* Part II. Calcutta : Firma K.L. Mukhopadhyay.

Slusser, M.M. (1998). *Nepal Mandala.* Vol.I. Kathmandu : Mandala Book Point.

Thapa, B. and Others (2009). *A study of traditional water supply in Kirtipur town report*. Patan : IOE Pulchowk Campus.

Theophile, E., and Joshi, P.R. (1992). *Historical hiti and pokhari, traditional solution to water scarcity of Patan*. A Research report submitted to Conservation and Development Programme. Patan.


Tiwari, S.R. (2001). *The Ancient settlements of the Kathmandu valley*. Kirtipur : CNAS.

--- (2002). *The brick and the bull.* Lalitpur : Himal Books.

Tiwari, S.R. (2012). Disaster risk management for the historic city of Patan. In DMUCH, Ritsumeikan University (Ed.). *Final report of Kathmandu research project. Analysis of heritage values, vulnerabilities and resources for energy response.* Japan : DMUCH, Ritsumeikan University.

UN-HABITAT. (2008). *Water movement in Patan, with reference to traditional stone spouts in Nepal.* Patan: United Nation human settlements programme.

Vajracharya, D., and Malla, K.P. (1985). *The Gopalraj vamsabali.* Kathmandu : Nepal Research Centre.



कीतिपुर नगरमा पूर्वमध्यकालीन राजा शिवदेवद्वारा निर्मित, केही दशक अघिसम्म अस्तित्वमा रहेको राजकुलो।



भक्तपुरका राजा जितामित्र मल्लद्वारा महादेव पोखरीबाट भक्तपुर नगरमा ल्याइएको राजकुलोको डुँड ।



ललितपुरमा प्राचीनकालमा टिका भैरवद्वारा लेलेदेखि चापागाउँसम्म ल्याइएको विश्वास गरिने तथा मध्यकालमा राजा सिद्धिनरसिंह मल्लद्वारा चापागाउँदेखि लगनखेलसम्म विस्तार गरिएको राजकुलो (चापागाउँ) ।